निर्णयहरु :

१. अघिल्लो वैठकमा भएका निर्णयहरु र सो सम्वन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । वैठकका निर्णयहरु कार्यान्वयन सन्तोषजनक पाइयो ।

२. आगामी आ.व. २०८०/८१ का लागि प्रदेश विशेष अनुदान र समपुरकको रुपमा देहायानुसारका आयोजनाहरु वागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।

प्रदेश विशेष अनुदान

क. सामुदायिक विद्‍यालयको सिकाई उपलव्धिमा सुधार गर्न कक्षा कोठा कमजोर भएका वाल विकास केन्द्र/ पूर्व प्राथमिक कक्षाको कक्षा कोठा व्यवस्थापन ।

ख. रणजोर खोलाको वाढी रोकथाम वडा नं १

ग. स्वास्थ्य भवन निर्माण वडा नं १३

घ. जलकिनी पहिरो रोकथाम वडा न ११

ङ. लिस्नी दलित वस्ती खानेपानी आयोजना वडा न १

प्रदेश समपुरक अनुदान

क. देविटार फुलासी सडक वडा नं १३

ख. सावाँडाँडा पशुपति सिक्राल साउनेपानी सडक वडा नं १२

ग. ठुली मदौ अर्चले ठाँठी कठजोर सडक वडा नं ३

घ. मन्थली चनखु पोखरी डाँडा सडक वडा न १०

ङ. मन्थली भलुवाजोर हुलाकडाँडा सडक वडा नं ६

३. यस नगरपालिकाको अघिल्लो कार्यपालिका वैठकमा पेश भएको मानव वेचविखन तथा ओसार प्रसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७९ संशोधन सहित पारित गर्ने ।

४. मन्थली नगरपालिकामा रहेका विद्‍यालयहरुमा प्रधानाध्यापक व्यवस्थापनमा एकरुपता कायम गर्न मन्थली नगरपालिकाले प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ को मस्यौदा सरोकारवालाहरुको छलफलवाट प्राप्त सुझावलाई समेत समावेश गरी तयार भएको कार्यविधि आगमी वैठकमा छलफल हुने गरी अध्ययनका लागि विधेयक समितिमा पठाउने ।

५. मन्थली नगरपालिकाको यस चालु आ व २०७९/०८० को हालसम्मको वित्तीय प्रगतिको वारेमा छलफल गरियो । हालसम्म चालु खर्च ४१.१९ प्रतिशत र पुँजीगत खर्च २४.४५ प्रतिशत गरी जम्मा ३५.६४ प्रतिशत खर्च भएको जानकारी प्राप्त भयो ।

६. चालु आ व को योजनाहरु कार्यान्वयन सन्दर्भमा पूर्व वैठकवाट स्वीकृत गरिएको कार्य तालिकामा योजना सम्झौताको अवधि यही २०७९ फाल्गुण मसान्तसम्म निर्धारण गर्ने ।

७. मन्थली नगरपालिकावाट तयार भई पेश भएका निम्न कार्यविधि एवं निर्देशिकाहरु अध्ययनका लागि विधेयक समितिमा पठाउने ।

क. आर्पतकालिन वाल उद्धार कोष ( स्थापना र सञ्चालन ) कार्यविधि २०७९

ख. मन्थली नगरपालिकाको वाल समूह गठन तथा सहजीकरण निर्देशिका २०७९

८. मन्थली नगरपालिकाको फोहोरमैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साइट निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्न देहायका तीन वैकल्पिक स्थानको स्थलगत अध्ययन भएकोले विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य अगाडि वढाउने ।

क. मन्थली न पा वडा न ५ को सुकाजोर खोलाको दायाँ किनारामा रहेको नर्कटे भन्ने स्थान (विटारको पारी पट्टी) ।

ख. मन्थली न पा वडा नं ३ को सापमारे नागथान खोला ।

ग. मन्थली न पा वडा नं ६ को सेलेघाट सिल्लीवजार खोला ।

२०७९।११।१९

हरिप्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत